नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक ४५ | २०७७ साल भदौं २५ गते बिहीबार (10 Sep. 2020 Thursday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- अपराध अनुसन्धान तथा अदालती काम कारवाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नावालिग मानिने,
- झुठ्ठा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : जसपाको केन्द्रीय कार्यकारिणी ... ३ पृष्ठमा : जितिया पर्व शुरु : सन्तानका. ३ पृष्ठमा : आप्रवासीका शिविरमा ...

# एकै दिन सप्तरीमा सर्वाधिक ३२ जना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौं ।**

सप्तरीमा बुधबार एकै दिन सर्वाधिक ३२ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । योसँगै सप्तरीमा कोरोना संक्रमितको संख्या ९ सय ७३ पुगेको छ ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका अनुसार इलाका प्रहरी कार्यालय सखडामा कार्यरत दुई प्रहरीमा संक्रमणको पुष्टि भएको छ ।

यस्तै छिन्नमस्ता गाउँपालिका ३ का ३२ पुरुष र २७ वर्षिय महिलामा पनि कोरोना संक्रमण पुष्टि भएको छ ।

यता राजविराज वडा नं. १ का ४५ वर्षिया महिला तथा ४२ र ३८ वर्षिय पुरुषमा, राजविराज वडा नं. २ का ७२, ३८ र ५० वर्षिय पुरुषमा, राजविराज वडा नं. ४ का उमेर नखुलेका एक पुरुषमा, राजविराज वडा नं. ६ का ५५ र ११ वर्षिया महिला तथा १९ र ४५ वर्षिय पुरुष, राजविराज वडा नं. ७ का २७, ५५, १६, १४, १५ र २६ वर्षिय पुरुष तथा ५०, ३०, २५, ६, २१ र ३० वर्षिया महिला, राजविराज वडा नं. ८ का ६० वर्षिय पुरुष, राजविराज वडा नं. ९ का ३१ र १७ वर्षिय पुरुष, राजविराज वडा नं. १० का २२ वर्षिय पुरुषमा संक्रमणको पुष्टि भएको जनाइएको छ ।

यसैगरि राजविराजस्थित अनार भुवनेश्वर अस्पतालका ४८ वर्षिय पुरुष तथा विष्णुपुर गाउँपालिकाका ६० वर्षिय पुरुषलाई कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।।

यता हालसम्म जिल्लामा ६ सय ७९ जना कोरोनाबाट निको भई घर फर्किसकेका छन् भने ८ जना संक्रमितको मृत्यु भएको छ ।

# तीन दिने जितिया पर्व विधिवत सुरु

**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौं ।**

मधेशी र थारु समुदायका विवाहित महिलाले मनाउने तीन दिने जितिया पर्व बुधबारदेखी सुरु भएको छ ।

कोरोना त्रास र निषेधाज्ञाका बीच अन्य पर्व भन्दा यो पर्वमा थोरै रौनकता छाएको छ । घरभित्रै मनाउने भएकाले पनि यो पर्वमा केही रौनकता आएको हो ।

पर्वको पहिलो दिन बुधबार ब्रतालु महिलाहरुले बिहानै स्थानिय खोला, नदी, पोखरी लगायतका जलाशयमा गएर स्नान गरि घिरौलाको पातमा पिन, तोरी तेल, घिरौलाको फुल, सिन्दुर चढाएर



जितवाहन भगवानको पूजा आराधना गरि पर्वको सुरुवात गरेका छन् ।

जितवाहन पर्व समेत भनिने यस अवसरमा ठाउँ ठाउँमा

*बाँकी तीन पृष्ठमा*

# अन्तरक्रिया कार्यक्रम गरि विपि जयन्ति मनाइयो

**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौं ।**

प्रथम जननिर्वाचित प्रधानमन्त्री एवं नेपाली काँग्रेसका संस्थापक नेता स्व. विपि कोइरालाको जन्म जयन्ति बुधबार सप्तरीमा मनाइएको छ ।

विपि कोइराला यूवा नेतृत्व विकास मञ्च सप्तरीले राजविराजस्थित नेपाली काँग्रेस सप्तरीको पार्टी कार्यालय कोठामा "यूवामा विपि" विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरि बुधबार १०७ औं विपि जयन्ति मनाएका हुन् ।




कार्यक्रममा सहभागि वक्ताहरुले विपि कोइरालाले लोकतान्त्रिक आन्दोलन, लोकतान्त्रिक समाजवाद र नेपाली साहित्य क्षेत्रमा पुऱ्याएको योगदान अविश्यमर्णिय रहेको उल्लेख गरे ।

*बाँकी तीन पृष्ठमा*

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दु:ख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | prabhu Money Transfer | City Express | IME International Money Express | IME pay | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

## सम्पादकीय

# व्यापारीको मनपरीले किसान मर्कामा

व्यापारीको मनपरीले किसानहरूले २० रुपैया किलो पर्ने युरिया मलको बजारमा ४५ रुपैयाँमा खरीद गर्न बाध्य छन्। स्थानिय निकाय र व्यापारीहरूको मिलोमतोमा रसायनिक मलको कालोबजारी हुँदा किसानहरु मर्कामा परेका छन्। यस सम्बन्धमा कुनै अनुगमन भएको देखिन्न्। स्थानिय पालिकाको कृषि शाखाहरूको मिलोमतोका कारण खाद बिक्रेतालाई कारवाही त टाढाको कुरा हो, प्रमाणसहित किसानले गुनासो गर्दा समेत कुनै सोधपुछ समेत छैन। स्थानिय निकाय क्षेत्र भित्र पसल पिच्छै मल, खादको दर भाउ फरक छ। रसायिनिक मलको दर रेट अनुसार युरिया प्रति बोरा ५० केजीको ८ सय (प्रति केजी १६), डिएपीप्रति बोरा २२७५ (४५ रुपैया केजी) मा बिक्री गर्नुपर्नेमा पालिकाहरू भित्रका व्यापारीले युरिया प्रति बोरा २ हजारदेखी २ हजार दुई सयसम्म प्रति किलो ४० देखी ४५ सम्म बिक्री भइरहेको छ।

बढी मुल्यमा मलखाद बिक्रि हुँदा समेत कुनै निकायले चासो देखाउन नसक्नु मिलोमतो नै हो भन्न सकिन्छ। किसानहरुको पीडाबारे स्थानिय निकायले चासो नदेखाउनुले जनप्रतिनिधीहरु नै कालोबजारीलाई प्रोत्साहन दिइरहेको बुझनुपर्दछ। यता सहुलियतमा आएको खाद समेत स्थानीय किसानलाई नदिइ बढि मुल्य तिर्ने बिचौलिया व्यापारीलाई दिने गरेको र यी सबै गैर कानुनी कामको स्थानिय तहले वेवास्ता गर्दै आएको छ।

तसर्थ किसानहरूलाई सुपथ मुल्यमा मलखाद उपलब्ध गराउनु स्थानिय सरकारको दायित्व हो। तर, यसप्रति चासो नदेखाउनु भ्रष्टचार भइरहेको शंका उब्जनु जायज हो। यसका लागि सम्बन्धीत निकायसँग अब जनताले प्रश्न ठड्याएर आफ्नो आवाज बलियो बनाउनु पर्ने बाहेकको बिकल्प छैन् र गल्ति गर्ने जो सुकैलाई कानुनको कठघरामा उभ्याउनु पर्दछ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जसपाको केन्द्रीय कार्यकारिणी बैठकको औचित्य



रामसुकुल मण्डल

जनता समाजवादी पार्टी (जसपा) को केन्द्रीय कार्यकारिणी समितिको बैठक राजधानीमा सम्पन्न भएको छ। समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीबिच एकता भएर बनेको जसपाको पहिलो कार्यकारिणी बैठक बसेको हो। बैठकको मुख्य उद्देश्य एकीकरणको खाका तयार पार्ने रहेको थियो। एकता महाधिवेशनअघि सम्मका लागि पार्टीको सर्वोच्च निकाय केन्द्रीय कार्यकारिणी समितिमा रहेका ५१ जना नेताको कार्य विभाजन पनि बैठकको एजेन्डा थियो।

बैठकको सुरुमा अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवले एजेन्डाहरू प्रस्तुत गरेका थिए। त्यसको भोली पल्ट ती अध्यक्षद्वयले प्रस्तुत गरेका एजेन्डाहरू माथि छलफल सुरु गरिएको थियो।

सुरुमा पहिलो बैठक भएकाले चार दिनसम्म प्रशिक्षण चलाउने र त्यसपछिको दुई दिन बैठक गर्ने कार्यतालिका जसपाले सार्वजनिक गरेको थियो।

तर, पछिल्लो समयमा कोरोना संक्रमणका बढ्न थालेकाले बैठकलाई छोट्याइएको थियो। प्रशिक्षण स्थगित गरेर सीधै एजेन्डामाथि छलफल गरिएको थियो।

तर बैठक नेताहरूको पदीय बाँडफाँट र जिम्मेवारी नतोकीकनै सकियो। तत्कालीन राजपा र समाजवादीको एकीकरणपछि केन्द्रीय कार्यकारिणी समितिको बैठकमा जिम्मेवारी बाँडफाँटको मुद्दा नै मुख्य चासो बनेको थियो।

बैठकमा कार्यविभाजनलाई लिएर विवाद बढ्न सक्ने भन्दै नेताहरूले यो एजेन्डालाई छलफलबाट हटाएका थिए। सानो टिमबाट मात्रै समाधान निकाल्न सकिने भन्दै कार्यविभाजन र पार्टीको संगठनात्मक समायोजनको काम गर्न नेताहरूकै प्रस्तावमा सचिवालय बनाउने निर्णय भएको छ।सचिवालयमा अध्यक्षद्वय महन्थ ठाकुर, उपेन्द्र यादव, वरिष्ठ नेताहरू अशोक राई, बाबुराम भट्टराई र राजेन्द्र महतो छन्।

बैठकमा केन्द्रीय कार्यकारिणी समितिमा रहेका सबैको पद तथा जिम्मेवारी बाँडफाँट तत्काल तोक्न सदस्यहरूले माग गरेका थिए। निर्वाचन आयोगमा दल दर्ताका क्रममा दुई अध्यक्ष, तीन वरिष्ठ नेतासहित ५१ सदस्यीय केन्द्रीय कार्यकारिणी समिति गठन गरिएको थियो। पार्टीका केन्द्रीय तहका अन्य संरचना बन्न सकेका छैनन्। पार्टीका मुख्य नेताहरू नै ५१ जनाको केन्द्रीय कार्यकारिणीमा छन्। यो नै पदाधिकारीहरूको समिति हो।

जनता समाजवादीका लागि सबैभन्दा ठूलो सकस नै ५१ जना नेताको व्यवस्थापन बनेको छ। बैठकमा अध्यक्षद्वयले कार्यविभाजनको एजेन्डालाई स्थगन गर्ने प्रस्ताव गरेका थिए। त्यसपछि समसामयिक राजनीति र कोभिड-१९ संक्रमणका विषयमा छलफल केन्द्रित भएको थियो।

हतार हतारमा एकीकरणका कारा गरिएको जसपामा नेतृत्व चयन हुन नसक्दा विवाद बढ्दै गएको छ। विवादकै कारण पार्टी सुस्त बन्न थालेको छ।

पार्टी एकीकरण भएको डेढ महिना बिते पनि नेतृत्वको टुंगो अझै लाग्न सकेको छैन। नेतृत्व टुंगो लगाउन विगत डेढ महिनामा पटक पटक आन्तरिक बैठक भए पनि नेताहरु आफ्नो अडानबाट टसमस नभएपछि विवाद सतहमै आउन थालेको हो। सीमा विवादलगायतका राष्ट्रिय मुद्दामा यो पार्टी मौन बस्दै आएको छ।

एकीकृत पार्टीको कार्यकारी अधिकारसहित केन्द्रीय समितिको अध्यक्षमा ठाकुरलाई र संघीय परिषद्को अध्यक्षमा डा. भट्टराईलाई राख्ने भद्र सहमति भए पनि कार्यकारी अधिकारका अन्य नेताले भद्र सहमति तोड्दै भाजो हालिरहेको जसपाका एक नेताले बताए।

'कार्यकारी अधिकारसहित केन्द्रीय समितिको अध्यक्षमा ठाकुर र संघीय परिषद्को अध्यक्षमा डा. भट्टराईलाई राख्नेमा विवाद सिर्जना हुँदैछ,' ती नेताले भने, 'मुख्यतः उपेन्द्र र राजेन्द्र आफूसँग पार्टीको बढी अधिकार राख्न खोज्दै आफ्नो मर्यादाक्रममा बढी चिन्तित देखिएका छन्।' उनीहरुकै कारण पार्टी एकताले मूर्तरूप लिन नसकेको हो।'

पार्टी एकीकरण गर्दा समानताका आधारमा सबै नेताको व्यवस्थापन गरिने सहमति भएको थियो। तर, अहिले आएर समाजवादी पार्टीबाट केन्द्रीय समितिको अध्यक्षमा ठाकुर र यादवलाई राखेर जाने वैकल्पिक प्रस्तावमा समेत छलफल सुरु भएको छ। यस्तो प्रस्ताव आएपछि महतोले आफ्नो 'पोजिसन' बलियो बनाउन खोजेका छन्। दुई अध्यक्ष राख्ने समाजवादीको प्रस्ताव राजपाले अस्वीकार गरेको छ। यादव अध्यक्ष हुन खोज्दा अर्को समस्या थपिएको बताइएको छ।

नेतृत्वमै विवाद सुरु भएपछि एकीकृत पार्टीको अन्य काम ओझेलमा परेको छ। पार्टीको सिद्धान्त, विचार लगायतका विषय अहिले गौण जस्तै भएको जसपा नेताले बताए। दुई पार्टीबीच एकीकरण घोषणाअघि ठाकुरलाई एकीकृत पार्टीको अध्यक्ष बनाउने सहमति भएको थियो। तर, सो सहमतिबाट पछि हट्दै समाजवादीले यादवलाई अघि सारेपछि विवाद सुरु भएको हो।

जसपामा बाबुरामको मर्यादा फेरि चौथौ नम्बरमै राखिएको छ। बाबुरामको मयार्दालाई अशोक राइ पछि राखेर बैठक समापन गरिएको छ।'अब बाबुरामजी औपचारिक रुपमै चौथो मयार्दामा हुनुहुन्छ' एक नेताले बताए। यसअघि बाबुरामलाई राष्ट्रिय परिषद्को अध्यक्ष दिने भनी सहमति गरिएको थियो तर बैठकमा एक शब्द पनि राष्ट्रिय परिषद्को विषयमा कुरा उठाइएन। बाबुरामले आफूले पनि उठाएनन्। अरु नेताहरुले पनि उठाएनन्। बाबुरामले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणालीको विषयमा व्याख्या मात्र गरेनन, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली नेपालकोलागि सबैभन्दा उत्तम बिकल्प भएको दावी गरे। बाबुरामको जुन भनाइलाई तत्कालीन राजपाका नेताहरुले मन पराएनन्। पूर्व राजपाका नेताहरु अहिले पनि नवगठित पार्टी संसद्बाट निर्वाचित प्रधानमन्त्रीय पद्धतिमा पार्टी जानु पर्ने अडान राख्दै आएका छन्। यस विषयमा पार्टीमा टुंगो लाग्न सकेको छैन।

बैठकमा क-कसलाई उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, प्रवक्ता, सचिव लगायतका पदहरु बाँडफाँड गने भन्ने विषयमा नेताहरुले टुंगो लगाउन सकेनन्। यसमा पूर्व समाजवादीका नेताहरुले पूर्व राजपालाई दोष दिने गरेका छन्। जसपाले १ सय ५१ सदस्यीय राजनीतिक समिति र ७ सय ५१ सदस्यीय केन्द्रीय समिति मनोनयन गर्न बाँकि नै छ। कार्यकारिणी समितिमा नअटाएका व्यक्तिहरुलाई राजनीतिक समिति र राजनीतिक समितिमा नअटाएमा केन्द्रीय समितिमा राख्ने आश्वासन ठाकुर र यादवले दिएका छन्। त्यसैले पनि पार्टीका दोश्रो तहका नेताहरुले तत्काल राजनीतिक समिति र केन्द्रीय समिति मनोनयन गर्न दबाब दिइरहेका छन। सुरुदेखि नै असन्तुष्ट राजकिशोर यादव र अनिल झालाई कसरी व्यवस्थापन गर्ने भन्ने समस्या ठाकुर र यादवलाई छ।

गत बैशाख १० गते राती हतार हतारमा तत्कालिन राजपा र समाजवादीका नेताहरुले वार्ता गरी दुई पार्टी एकीकरण गरेर जनता समाजवादी पार्टी गठन गर्ने सहमति गरेका थिए। पार्टी गठन गर्ने सहमति हुँदा खाली एकीकृत पार्टीको नाम र महन्थ ठाकुरलाई पहिलो अध्यक्ष स्विकार गर्ने निर्णय बाहेक बाहेक अरु कुनै विषयमा सहमति भएको थिएन। त्यसपछि पार्टी भित्रको संगठनात्मक संरचना, घोषणपत्र, विधान, लगायतका विषयमा सहमति जुटाउन पार्टीका नेताहरुलाई हम्मेहम्मे परिरहेको छ।

जसपाले प्रधानमन्त्री केपी शर्मा ओलीमा राष्ट्रका मूल मुद्दातिर भन्दा आफ्नो कुर्सी बचाउने ध्येय देखिएको र उनी शारीरिक तथा मानसिक दुवै दृष्टिले कमजोर रहेको टिप्पणी गरेको छ। उसले राष्ट्रपतिलाई समेत विवादमा तानेको भन्दै प्रधानमन्त्रीको कडा आलोचना गरेको छ।

पार्टीले कोभिड-१९ संक्रमण नियन्त्रणको दिशामा सरकार असफल भएको र भ्रष्टाचारमा लिप्त भएको उल्लेख गरेको छ। उसले जनताको आन्दोलनबाट स्थापित संघीयता, गणतन्त्र, धर्मनिरपेक्षतालगायतका पक्षलाई कमजोर पार्न लागेको, पहिचान र अधिकारका लागि जनताले उठाएका मागलाई जातिवादका रूपमा चित्रण गरेर देशभित्रै विभाजनको बीउ रोपेको आरोप पनि प्रधानमन्त्रीमाथि लगाएको छ।

अध्यादेशमार्फत पार्टी विभाजन गर्ने र प्रमुख प्रतिपक्षलाई भूमिकाविहीन बनाउने काम गरेको भन्दै उसले दुई देशबीचको कूटनीतिक र आर्थिक सम्बन्धलाई आफ्नो कुर्सी बचाउने स्वार्थबाट व्याख्या गरेको आरोप पनि लगाएको छ। जसपाले भनेको छ, 'कूटनीतिक अपरिपक्वता र असन्तुलन प्रदर्शन गर्ने देशभित्र नश्लवादलाई प्रोत्साहन तथा भ्रष्टाचार र कालोबजारी एवं कमिसनखोरीलाई बढावा दिने कार्य भएको छ।'

पार्टीका सांसद रेशमलाल चौधरीको रिहाइ, मधेश जनविद्रोह तथा थरुहट आन्दोलनका क्रममा झूटा मुद्दा लगाएर थुनिएका पार्टीका नेता तथा कार्यकर्ताको रिहाइको माग गरेको छ। जनता समाजवादीले संसदमा आफ्ना पार्टीका सांसदहरूले गैरसरकारी विधेयकका रूपमा दर्ता गराएको संविधान संशोधनको विधेयक पारित गर्नुपर्ने माग पनि अघि सारेको छ। *(मधेश दर्पण फिचर सेवा)*

# संविधान दिवसबारे जनचेतनामूलक कार्यक्रम प्रकाशन/प्रसारण अनुरोध

काठमाडौं, २४ भदौ (रासस)।

सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले संविधान दिवसका अवसरमा जनचेतनामूलक कार्यक्रम प्रकाशन/प्रसारण गर्न आमसञ्चारमाध्यमलाई अनुरोध गरेको छ।

आगामी असोज ३ गते संविधान दिवस मनाउने सन्दर्भमा गठित प्रचारप्रसार उपसमितिको बैठकले नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्रका साथै सामुदायिक एंव निजी क्षेत्रका अन्य सञ्चारमाध्यमलाई समेत संविधानका विषयमा केन्द्रित रही विशेष परिसंवाद, संवादलगायत जनचेतनामूलक कार्यक्रम प्रकाशन/प्रसारण गर्न अनुरोध गरेको हो।

राष्ट्रिय समाचार समितिलाई राष्ट्रिय दिवससम्बन्धी विशेषाङ्क/स्मारिका, लेख वा कार्यक्रम उत्पादन/निर्माण गरी सबै सञ्चारमाध्यमलाई उपलब्ध गराउन भनिएको छ।

समितिले गोरखापत्र, द राइजिङ नेपाललगायत राष्ट्रियस्तरका पत्रपत्रिकामा संविधान विशेषाङ्क/स्मारिका र संविधानको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेखरचनाको सँगालो प्रकाशन गर्नाका साथै अन्य निजी क्षेत्रका सञ्चारगृहलाई प्रकाशन गर्न पनि आग्रह गरेको छ।

बैठकपछि मन्त्रालयद्वारा बुधबार जारी विज्ञप्तिमा भनिएको छ, 'नेपाल टेलिभिजन, रेडियो नेपालले नेपालको संविधानको महत्वको बारेमा कार्यक्रम प्रसारण गर्ने तथा सामुदायिक एवं निजी

बाँकी तीन पृष्ठमा

# जितिया पर्व शुरु : सन्तानको दीर्घायु र परिवारको कल्याण कामना

जनकपुर, २४ भदौ (रासस) ।

सन्तानको दीर्घायु एवम् परिवारको कल्याणका लागि मिथिलाञ्चलमा बुधबार विधिवत् रुपमा जितिया पर्व शुरु भएको छ । यस पर्वका अवसरमा आश्विन कृष्ण सप्तमी तिथिका दिन बर्तालु माताहरु नदी, तलाउ वा पोखरीमा पुगेर स्नान गरी सूर्यदेवलाई जलार्पण गरेर पर्वको सङ्कल्प गर्छन् ।

घिरौँलाका पातमा पिना, चिउरा र दही राखेर जिमूतवाहन देवतालाई अर्पण गरी पर्वको शुभारम्भ गरिएको हो । आजकै दिन बर्तालुहरु कोदाको रोटी र माछा खाने गर्छन् । कोरोनाको कारणले पोखरीहरुमा विगत वर्षहरुका तुलनामा नुहाउनेको सङ्ख्यामा कमी आएको भए पनि पर्व मनाउने माताहरुमा उत्साहमा कुनै कमी आएको छैन ।

अष्टमी तिथिको आगमनसँगै निराहार व्रतको शुभारम्भ हुन्छ । अष्टमीको आगमन हुनुअघि बिहानका समयमा वर्तालुहरु अन्न र फलफूल ग्रहण गर्छन् जसलाई ‘ओठघन’ भनिन्छ । यसपल्ट तिथिका समयमा हेरफेर भएकाले बर्तालुले ओठघन गर्न पाएका छैनन् । बुधरात राति १०:३० बजेपछि अष्टमी तिथिको आगमन हुनासाथ व्रत शुरु भएको मान्नुपर्छ । सोही कारणले बिहीबार बिहान ओठघन गर्न नियमले नपाइने पण्डित विमल झाले बताउनुभयो ।

जितिया पर्वमा आउँदो आश्विन कृष्ण सप्तमी तिथिका दिन बर्तालुहरु स्नान गरी चोखो हुन्छन् । अष्टमी तिथिको आरम्भसँगै उपवास शुरु हुन्छ । नवमी तिथिको आगमन भएपछि पूजापाठ गरेर पर्व समापन हुन्छ । तिथिका समयमा हेरफेर भएकाले बर्तालु यसपल्ट ३३ घण्टासम्म उपवासमा बस्नुपर्ने हुन्छ । उपवासका अवधिमा थुक पनि निल्न नहुने मान्यता छ ।

पितृ पक्षमा मनाइने गरिएकाले मैथिल ब्राह्मणी बर्तालुले आआफ्ना दिवङ्गत सासू र आमाको मोक्षका लागि सप्तमी तिथिमै अन्य गोत्रकी ब्राह्मणीलाई निम्तो दिएर अनिवार्य रुपमा भोजन गराउने नियम छ । भोजन गर्ने महिलालाई ‘पितराइन’ भन्ने गरिन्छ ।

**कठोर व्रत**

सन्तानलाई अकाल मृत्युबाट जोगाउन र दीर्घायुका लागि माता जिर्मूतवाहन देवताको कठोर उपवास गर्ने गरिएको हो । भविष्य पुराणमा आराध्यदेव महादेवसमक्ष पार्वतीले यस्तो कुन व्रत वा तपस्या गर्दा सन्तानको अकाल मृत्यु हुँदैन भनी राखेको जिज्ञासामा महादेवले जिर्मूतवाहनको नियम निष्ठाका साथ व्रत बस्न भनेको उल्लेख गरिएको छ ।

यसका लागि कुशको जिर्मूतवाहनको मूर्ति बनाएर कलशमा स्थापना गर्नुपर्छ । आफ्नै आँगनमा सानो पोखरीको आकृति निर्माण गरेर सोको डिलमा पाकरी रुखको हाँगा गाडी सो हाँगामा चिल र पोथी स्यालको आकृति बनाएर विधिपूर्वक पूजा गरेका खण्डमा सन्तानको बिग्रेको ग्रहगोचर निको हुने र अकाल मृत्युबाट जोगिने भनेर महादेवले पार्वतीलाई सुनाउनुभएको बताइन्छ ।

**को हुन् जिमूतवाहन**

भविष्यपुराणमा उल्लेख गरिएअनुसार राजा शालिवानका पुत्र जिर्मूतवाहनमाथि महादेवको असीम कृपा थियो । महादेवले नै जिर्मूतवाहनलाई वरदान दिएकाले सन्तानको अकाल मृत्युबाट बचाउनका लागि जितिया पर्वमा जिर्मूतवाहनको पूजा गरिन्छ ।

व्रत बसेका दिनमा बर्तालु महिला जलाशयमा स्नान गरी सूर्यदेवलाई अर्घ्य अर्पण गर्छन् । त्यसपछि घर पुगेर डाली (टोकरी) भर्ने नियम छ । सो डालीमा फलफूल, मिठाइ र नरिवल राखी नयाँ वस्त्रले छोपेर पूजास्थलमा राख्ने गरिन्छ । पर्व सम्पन्न भएपछि नवमी तिथिमा पूजापाठ गरेर छोराछोरीबाट छोपिएको सो वस्त्र हटाएर दर्शन गरी प्रसादका रुपमा ग्रहण गरिन्छ ।

उपवासका दिन बर्तालुका साथै महिला एक ठाउँमा भेला भएर जितिया पर्वको कथा अनिवार्य रुपमा श्रवण गर्ने गरिन्छ । कथा श्रवण गरेर घर फर्केपछि आँगनमा गाईको गोबरले लिपपोत गरी महादेवले पार्वतीलाई सुनाएको पूजाको विधिअनुरुप जिर्मूतवाहनको पूजा गरिन्छ ।

## *तीन...*

जितवाहन देउताको मूती पनि स्थापना गरि पूजापाठ सुरु भएको छ । जितवाहन देउताको प्रसाद ग्रहन गरेपछि ७२ घण्टासम्म निर्जला अर्थात पानी समेत सेवन नगरिकन उपवास बस्ने गरिन्छ ।

जितियाका ब्रतालुहरु बिहानैदेखी पूजा र प्रसाद किन्नका लागि बाहिर निस्कदा बजारमा चहलपहल समेत बढेको छ । जितवाहन भगवानलाई चढाएको तेल प्रसादका रुपमा परिवारका सबै सदस्यले शरीर र कपालमा लगाए पछि आर्शिवाद पाइने जनविश्वास छ ।

आश्विन कृष्णपक्षाको सप्तमीका दिन जलाशयमा तेल, पिन आदि चढाएपछि सुरु हुने यो तिन दिने पर्वमा महिलाहरु घरमा मरुवा (कोदो) को रोटी, माछा लगायतका परिकार खान्छन् । शाकाहारीले भने गम्हरी ( कोषाभित्रै फल्ने धान) को खिर वा भात खाएर पर्वको सुरुवात गर्ने चलन छ ।

यता थारु समुदायमा समेत पारम्परिक गित, संगितका साथमा नाचगानसहित जितिया पर्व मनाइन्छ । प्रकृतीको अर्चना पनि थारु समुदायको जितियाको एउटा महत्वपूर्ण पाटो हो ।

## *अन्तरक्रिया...*

स्व. कोइरालाले अपनाएको राष्ट्रिय एकता तथा मेलमिलापको नीति बुधबार पनि मुलुकको राजनीति तथा पार्टीका लागि उत्तिकै सान्दर्भिक रहेकोमा जोड दिँदै वक्ताहरुले कुनै पनि गुटउपगुटमा नलागि एकजुट भई अघि बढ्नु पर्नेमा जोड दिएका थिए ।

आयोजक संस्थाका अध्यक्ष कन्हैया देवको अध्यक्षतमा आयोजित कार्यक्रमलाई नेपाली काँग्रेस सप्तरीका सभापति दिनेश कुमार यादव, नेपाल ट्रेड युनियन काँग्रेसका राष्ट्रिय उपाध्यक्ष महेन्द्र यादवका साथै काँग्रेसका यूवा नेता शम्भुलाल देव, रामचन्द्र यादव, रन्धिर कर्ण, अनिल देव, समिर झा, अर्जुन साह, मो. गुलाब, घनानन्द यादवलगायतले सम्बोधन गरेका थिए ।

## *संविधान...*

क्षेत्रका अन्य सञ्चारमाध्यमलाई पनि कार्यक्रम प्रसारणका लागि अनुरोध गर्ने ।’

त्यसैगरी नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवा प्रदायकबाट “संविधान दिवस ( राष्ट्रिय दिवस) हर्षोल्लासका साथ मनाऔँ, घरघरमा राष्ट्रिय झण्डा फहराऔँ” जस्ता नारा मास एसएमएस पठाउने निर्णय पनि गरिएको छ ।

दिवसको शुभकामना सन्देश शहरका विभिन्न स्थानमा रहेको डिस्प्ले बोर्डमा प्रसारण गर्न काठमाडौँ महानगरपालिकासँगको समन्वयमा दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम र राष्ट्रिय सूचना प्रविधि केन्द्रले आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तोकिएको छ । बैठकले दिवसको दिन आआफ्ना घरघरमा राष्ट्रिय झण्डा सम्मानका साथ राख्न भनी प्रसारप्रचार गर्न, जागरण गीत प्रसारण गर्न, वृत्तचित्र प्रसारण गर्न र मूल कार्यक्रमको प्रत्यक्ष प्रसारण गर्न पनि आमसञ्चारमाध्यमलाई अनुरोध गरेको छ ।


# कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा “कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष” खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाना नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


# विश्व समाचार

## आप्रवासीका शिविरमा आगलागी, एक हजार व्यक्ति भागेको आशंका

एथेन्स, २४ भदौ (रासस/एपी) ।

ग्रीसको लेस्बोस द्वीपमा रहेका आप्रवासी बस्तीमा आगलागी भएपछि एक हजारभन्दा बढी आप्रवासी अन्यत्र भागेका छन् ।

ग्रीसको मोरिया शिविर र त्यस आसपासको क्षेत्रमा झण्डै १२ हजार ५०० आप्रवासीले आश्रय लिइरहेका छन् । शिविरमा रहेका सोमाली एक व्यक्तिमा कोरोनाभाइरस पोजेटिभ देखिएपछि केही दिनदेखि उक्त क्षेत्रलाई लकडाउनमा राखिएको थियो ।

उक्त द्वीपको प्रमुख शहर माइलिनका मेयर स्ट्राटोस काइटेलिसले शिविरको भित्र र बाहिरको क्षेत्रमा आगो फैलिएको र घरहरु क्षतिग्रस्त भएको जानकारी दिनुभयो । उहाँले त्यस इलाकामा रहेका करिब १२ हजार आप्रवासीलाई प्रहरीले सुरक्षा दिइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “यहाँ निकै कठिन अवस्था उत्पन्न भएको छ किनभने बाहिरबाट भित्र गएका केही व्यक्तिमा कोरोनाभाइरस संक्रमण देखिएको छ ।”

आगलागीबाट कुनै पनि व्यक्ति घाइते भएका खबरहरु प्राप्त भएका छैनन् ।

प्रहरीका अनुसार आगलागी अबेर राति शुरु भएको थियो । तर आगलागीको कारण र त्यसबाट भएको क्षतिको विवरण प्राप्त भइसकेको छैन । लकडाउनको विरोधमा जानाजान आगो लगाइएको हो कि भन्ने बारेमा प्रहरीले अनुसन्धान शुरु गरेको छ ।

स्वास्थ्य अधिकारीहरुले मंगलबार शिविरमा रहेका ३५ जनामा कोरोना संक्रमण भएको पुष्टी गरेका थिए । निकै बाक्लो संख्यामा रहेका आप्रवासीमा कोभिड-१९ संक्रमणको खतरा भएपछि व्यापक रुपमा परीक्षण गर्न आदेश दिइएको छ । कोरोना पुष्टी भएका व्यक्तिहरुलाई अलग स्थानमा राखेर उपचार शुरु गरिएको छ । बुधबार बिहान दङ्गा प्रहरी पनि परिचालन गरिएको छ ।

गैरकानुनी रुपमा युरोप प्रवेश गर्न खोज्नेहरुका लागि सन् २०१५-१६ मा लेस्बोस निकै व्यस्त प्रवेश विन्दु रहेको थियो । सिरिया र इराक युद्धका कारण भागेका यी आप्रवासीहरु प्रायः टर्की हुँदै ग्रीसको लेस्बोस आउने गरेका थिए ।

ठूलो संख्यामा आप्रवासी आएपछि ग्रीसले लेस्बोस र अरु चारवटा द्वीपमा शिविरहरु खडा गरेको छ जसको व्यवस्थापनमा युरोपेली युनियनले आर्थिक सहायता गरिरहेको छ ।

## दिल्लीमा जनस्वास्थ्यका मापदण्ड पालना गराउन प्रहरी परिचालन गरिने

नयाँ दिल्ली, २४ भदौ (रासस/एएनआई) ।

नयाँ दिल्लीको प्रहरीले यहाँको सरकारले जारी गरेका जनस्वास्थ्यका मापदण्ड पालना गरे नगरेको कडाइका साथ अनुगमन गर्ने भएको छ ।

यसका लागि ठूलो संख्यामा प्रहरी परिचालन गरिने भएको दिल्ली प्रहरीले बुधबार जानकारी गराएको समाचारमा जनाइएको छ ।

दिल्लीमा रहेका हरेक प्रहरी युनिटमा कोभिड-१९ को महामारी नियन्त्रण र रोकथामका लागि आवश्यक पर्ने र सरकारले जारी गरेका जनस्वास्थ्यका मापदण्ड पूर्णरुपमा पालना गराउने बारेमा एक प्रहरी टिम परिचालन गरिने भएको हो ।

दिल्लीको प्रहरीले सो कुराको जानकारी दिएको छ । कोभिड-१९ को नियन्त्रणका लागि सरकारले लागू गरेका मापदण्डहरु पालना गराउन प्रहरी खटाइने सो प्रहरीले जानकारी गराएको हो ।

हाल दिल्लीमा मात्र २२ हजार ३७७ जना कोरोनाका सक्रिय सङ्क्रमित रहेका बताइएको छ ।

## बेलायतमा कोरोना भाइरसका सङ्क्रमितको संख्या बढ्न थाल्यो

लन्डन, २४ भदौ (रासस/एएनआई) ।

बेलायतमा पछिल्ला केही हप्ता यता कोभिड-१९का सङ्क्रमितको संख्या बढ्न थालेको बताइएको छ ।

प्राप्त पछिल्लो समाचारअनुसार बेलायतमा गएको २४ घन्टा यतामात्र करिब दुई हजार ४२० जना कारोना भाइरसका नयाँ सङ्क्रमित फेला परेका बताइएको छ ।

बेलायतमा कोरोनाका सङ्क्रमित पछिल्ला केही दिनयता बढी मात्रामा देखिन थालेको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीले जानकारी दिएका छन् । पछिल्ला केही हप्तामा ठूलो संख्यामा नयाँ सङ्क्रमित थपिएका र आजसम्म यहाँका सङ्क्रमितको संख्या तीन लाख ५२ हजार ५२० जना पुगेको छ ।

यस सङ्क्रमणबाट भएको मृत्युको संख्या ४१ हजार ५८४ जना पुगेको बताइएको छ । बेलायतका स्वास्थ्यमन्त्री म्याट हानकोकले मंगलबार देखिएको यो पछिल्लो संख्या निकै खतरनाक भएको बताउनुभएको छ ।

लन्डनमा कोभिड-१९को अवस्था सामान्यजस्तो देखिएकोले बेलायतमा जनजीवनलाई पनि सामान्य बनाइएको थियो । गएका केही हप्तादेखि यहाँ सामान्यरुपमा मात्र सङ्क्रमित देखिएका थिए । बेलायतमा कोभिड-१९ को महामारी फेरि बढ्न सक्ने खतरा देखिएको उहाँले बताउनुभयो । यहाँ सोमबार र आइतबार दुई हजार ९०० भन्दा बढी सङ्क्रमित थपिएका थिए ।

# ६४९ स्थानीय तहलाई तत्काल अस्पताल बनाउन निर्देशन

काठमाडौँ, २४ भदौ (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अस्पताल नभएका ६४९ स्थानीय तहलाई पाँच शय्याका अस्पताल बनाउन निर्देशन दिएको छ। सरकारले कोरोना भाइरसको रोकथाम, नियन्त्रण तथा उपचार गर्नका लागि ती स्थानीय तहमा अस्पताल बनाउन निर्देशन दिइएको मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले जानकारी दिनुभयो।

कोभिड-१९ सङ्क्रमणका बिरामी राख्न शय्याको अभाव भएकाले अस्थायीरूपमा अस्पताल तत्काल बनाउन मन्त्रालयले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत ती स्थानीय तहलाई निर्देशन दिएको हो। पाँच शय्याका दरले ती स्थानीय तहमा तीन हजार २४५ शय्याका अस्पताल बन्नेछन्।

अहिले नेपालमा ४८ हजार १३८ जना कोभिड-१९ बाट सङ्क्रमित भएका छन्। यस्तै ३२ हजार ९६४ निको र ३०६ जनाको सङ्क्रमणबाट मृत्यु भएको छ। यही भदौ १३ गते मन्त्रीस्तरीय निर्णय गर्दै स्वास्थ्यमन्त्री भानुभक्त ढकालले अस्पताल नभएका स्थानीय तहमा पाँच शय्याको अस्पताल बनाउने निर्णय गर्नुभएको थियो। अस्पतालको व्यवस्थापन र कहाँ सञ्चालन गर्ने भन्ने निर्णय स्थानीय तहले गर्नेछन्।

ती अस्पतालमा एक चिकित्सक, दुई नर्स र एक कार्यालय सहयोगी हुनेछन्। मन्त्रालयले ती अस्पतालको कार्यप्रगतिका आधारमा बजेट थप गर्ने मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले बताउनुभयो। मन्त्रालयले प्रतिशय्या रु दुई लाखका दरले बजेटसमेत कोष तथा लेखा नियन्त्रण कार्यालयबाट निकासा गरिरहेको छहार। अस्पतालका लागि तीन महिनाको शय्याका लागि रु पाँच लाख, औषधि रु ५० हजार र चिकित्सक, स्वास्थ्यकर्मीका लागि रु चार लाख ५० हजार बजेट विनियोजन गरी पठाइसकेको छ।

ती स्थानीय तहले आधारभूत स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्रका भवन, सामुयायिक भवन वा अस्थायी टहरामा तत्काल कोभिड-१९ का बिरामीको उपचारको व्यवस्थापन गर्न अस्पताल निर्माण गर्न भनिएको हो।

# विपि जयन्तिमा बृक्षारोपन र दिपप्रज्वलन



**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौं।**

विपि जयन्तिको अवसरमा बुधबार राजविराजस्थित सहिद साकेत पार्कमा बृक्षारोपन गरिएको छ।

विपिको १०७ औं जन्म जयन्तिको अवसरमा बिपि बिचार समाजले बृक्षारोपन गरेको हो।

समाजका अध्यक्ष तथा नेपाली काँग्रेस सप्तरीका सचिव राम कुमार यादवको अध्यक्षता आयोजित बृक्षारोपन कार्यक्रममा नेता बिकेश्वर यादव, यूवा नेता इर्साद अन्सारी, फिदा हुसेन लगायतले बृक्षारोपण गरेका थिए।

यसैगरी सो अवसरमा सहिद साकेत पार्क परिसरमा नेपाली काँग्रेस निकटका नेता तथा कार्यकर्ताहरूले दिपप्रज्वलन समेत गरेका थिए।

# मुख्यमन्त्री राउतको जितिया पर्वमा शुभकामना

जनकपुर, २४ भदौ (रासस)।

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले बुधबार जितिया पर्वका व्रतालु महिलाप्रति हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्नुभएको छ। सन्तानप्रति आमाको स्नेह झल्काउने यस पर्वका माध्यमबाट देशभर नै आस्था र प्रेम कायम रहोस् भनी शुभकामना प्रकट गर्नुभएको छ।

मिथिलाञ्चलका हिन्दू धर्मावलम्बी माताहरू आ-आफ्ना सन्तानको दीर्घायुका लागि जितिया पर्वमा उपवास बसेर जिर्मूतवाहन देउताको पूजापाठ गरेर पर्व मनाउने गर्छन्। बुधबारबाट विधिवतरूपमा शुरु भई शुक्रबार बिहान यो पर्व सम्पन्न हुन्छ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सावर्जनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री -उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**बोदेबरसाईन नगर कार्यपालिकाको कार्यालय, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*